प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको पूर्णशुल्कीय तर्फ स्वीकृत कोटा भन्दा कम आवेदक भइ कोटा रिक्त रहेका शिक्षण संस्थाहरुमा भर्ना प्रक्रियाको नतिजा सम्बन्धी

## अत्यन्त जरुरी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०७८/०८/२६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०७/२९ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ स्वीकृत कोटा भन्दा कम संख्यामा भर्ना भइ कोटा रिक्त रहेका शिक्षण संस्थाहरुमा पूनः आवेदन फाराम भर्ने सम्बन्धी सूचना बमोजिम बागमती प्रदेश अन्तर्गत सञ्चालित आंगिक, साझेदार, सामुदायिक विद्यालयहरु र निजी स्तरमा सञ्चालन स्वीकृती पाएका शिक्षण संस्थाहरुले तोकिएको मिति र समय भित्र भर्ना प्रक्रिया आवेदन फाराम भराई परीक्षा नियन्त्रण कार्यालयले तोकेको सम्पूर्ण प्रक्रिया पुरा गरी उल्लेखित सूचनाको बुँदा नं. ७ बमोजिम तयार गरी गोप्य रुपमा प्राप्त हुन आएको नतिजालाई परिषद् परीक्षा नियन्त्रण कार्यालयको निर्देशन बमोजिम रुजु गरी प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ। सम्बन्धित शिक्षण संस्थाहरुले नतिजा तयार पार्ने क्रममा विद्यार्थीहरुको एस.एल.सी./एस.इ.इ./प्रा.एस.एल.सी. तहको परीक्षामा प्राप्त गरेको प्राप्तांकमा फरक पर्न गइ वा नतिजा तयारीमा कुनै किसिमको त्रुटी देखिन आएमा सोको जिम्मेवार सम्बन्धित शिक्षण संस्थाहरु नै हुने व्यहोरा समेत जानकारी गराइन्छ। भर्ना प्रक्रियाबाट सफल मुख्य प्रशिक्षार्थीहरुलाई सम्बन्धित शिक्षण संस्थाहरुले आफ्नो स्वीकृत कार्यक्रम र कोटाको अधिनमा रही योग्यताक्रमानुसार मिति २०७८/०९/०३ गतेसम्म कार्यालय समय भित्र भर्ना गर्नु पर्नेछ। भर्ना भएका प्रशिक्षार्थीहरुको कक्षा शुरु एवं रजिष्ट्रेशन लगायत परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट जारी सूचना एवं निर्देशन बमोजिम गर्नु गराउनुहुन समेत जानकारी गराइन्छ।

**निर्देशक**